नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

काभ्रेपलाञ्चोक

प.सं.- ०७९/८०

च.नं.-

## संघ संस्था सञ्चालन तथा व्यवस्थापन सम्बन्धी जरुरी सूचना !

संस्था दर्ता ऐन, २०३४ ले प्रत्याभूत गरेको सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थहरुको स्थापना तथा दर्ता गर्ने व्यवस्था बमोजिम जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोकमा आ.व.२०७८/७९ असार मसान्तसम्म दर्ता भएका विभिन्न संघसंस्थाहरुको संख्या २२८१ पुगेको छ । जिल्लामा रहेका अधिकांश गैह्र सरकारी संस्थाहरु संस्थाहरु निष्कृय रहने, समयमा नवीकरण नहुने, उद्देश्यअनुसार लक्षित वर्गसम्म नपुग्ने जस्ता पक्षले संस्थाको कार्यकुशलतामा असर पारेको देखिन्छ भने कतिपय निरन्तर रुपमा सञ्चालनमा रहेका संघसंस्थाहरुको संस्थागत संरचना (कार्यालय) नभएका, प्रचारात्मक कार्यक्रममा बढि केन्द्रित रहेका र सम्बन्धीत स्थानीय तहसँग समन्वय गरेको नदेखिएकोले संस्थाहरुले संस्थागत संरचना (कार्यालय) विधानमा तोकिएको स्थानमा व्यवस्थापन गर्ने, संस्थालाई समयमा नै नवीकरण गरी सञ्चालन गर्ने, संस्थाले उद्देश्यअनुसार लक्षित क्षेत्रमा गरेका प्रगति विवरण उपलब्ध गराउने र संस्थाको समय समयमा सरोकारवाला निकायहरुको सहभागितामा अनुगमन र निरीक्षण गर्ने/गराउने व्यवस्था संस्था दर्ता ऐन २०३४ ले निर्धारण गरेबमोजिम गराउनु हुन र तपसिलबमोजिमका कागजातहरु सहित संस्थाको नवीकरण गराई संस्थाहरु नियमित गराई सञ्चालन तथा व्यवस्थापन गर्न/गराउन हुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ ।

### तपसिल

- ✓ संस्थाको सक्कलै प्रमाणपत्र,
- ✓ वर्तमान कार्यसमिति नयाँ छनोट गरिएको हकमा साधारण सभाको माइन्युटको प्रतिलिपि,
- ✓ वार्षिक कार्य प्रगति,
- ✓ लेखापरीक्षक नियुक्त गरेको माइन्युटको प्रतिलिपि,
- ✓ लेखापरीक्षकको पान दर्ता प्रमाणपत्र, लेखा परीक्षण प्रमाणपत्र (लेखापरीक्षण समेत देखिने गरी) ,
- ✓ लेखा परीक्षकको प्रतिवेदन,
- ✓ संस्था नवीकरणका लागि स्थानीय तहको सिफरिस,

स. प्र. जि. अ.

- ✓ संस्थाको आगामी आ.व. को कार्य योजना,
- ✓ गैह्र सरकारी संस्था महासंघको संस्था नवीकरणका लागि सिफारिस,
- ✓ साधारण सभाले नवीकरण गर्ने भनी गरेको निर्णयको प्रतिलिपि,
- ✓ संस्थाको बैंक स्टेटमेन्ट,
- ✓ संस्थाको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- ✓ संस्था नवीकरण गर्नको लागि लेखिएको पत्र,
- ✓ संस्थाको पान दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

मिति: २०७९।०४।०३

२०७९/०४/०३
अमर दिप सुनुवार
सहायक प्रमुख जिल्ला अधिकारी